**महादेवा गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**बथनाहा, सप्तरी**
**मधेश प्रदेश, नेपाल**

*(स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ को परिच्छेद ४ को दफा ४.८ को चरण २ को बुँदा २.३ संग सम्बन्धित)*

# महादेवा गाउँपालिकाको आ.व. २०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रम

आदरणीय सभा अध्यक्षज्यू,
सभाका सदस्यज्यूहरु,

यस गरिमामय सभामा महादेवा गाउँपालिकाको आर्थिक वर्ष २०८१/८२ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्न पाउँदा मैले आफुलाई गौरवान्वित महशुस गरिकी छु। वार्षिक नीति तथा कार्यक्रम तर्जुमाका क्रममा महादेवा गाउँपालिकालाइ विभिन्न सुझाव दिनु हुने सम्पुर्ण आमा, बुवा, दाजुभाई तथा दिदी बहिनीहरु, राजनैतिक दलका प्रतिनिधि ज्यूहरु, पत्रकार तथा संचार कर्मी ज्यूहरु, महादेवा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत समेत सम्पूर्ण कर्मचारीहरु, बुद्धिजिवी, समाजसेवी तथा सुरक्षाकर्मीहरु लगायत सहजकर्ताहरूलाई हार्दिक आभार सहित हामी सबैको तर्फबाट धन्यवाद व्यक्त गर्दछु। यस अवसरमा नेपालको प्रजातान्त्रिक आन्दोलन, राजनीतिक अग्रगमन र लोकतन्त्रको सवलीकरणको क्रममा भएका ऐतिहासिक आन्दोलनहरुमा आफ्नो जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।

सुन्दर, समुन्नत र समृद्ध महादेवा गाउँपालिका निर्माण गर्ने हाम्रो संकल्प, समस्त महादेवा गाउँपालिका वासीको समृद्धिको चाहाना र हामीले निर्वाचनका क्रममा हाम्रा मतदाताहरु प्रति अभिव्यक्त गरेका प्रतिज्ञाहरु पुरा गर्ने दिशामा हामीले आगामी आ. व. २०८१/०८२ को नीति तथा कार्यक्रमलाई अभिमुख गरेका छौं। यसका लागि दीगो विकासको राष्ट्रिय लक्ष्यहरुको स्थानीयकरण गर्दै गुणस्तरीय पूर्वाधार निर्माण सहित स्थानीय स्रोतको पहिचान र परिचालन गरी समावेशी, जलवायु उत्थानशील तथा दिगो स्थानीय आर्थिक विकास मार्फत समृद्ध महादेवा गाउँपालिका र सुखी जनताको लक्ष्य हासील गर्न सार्वजनिक, निजीक्षेत्र र समुदायको साझेदारी विकास गरिनेछ ।

महादेवा गाउँपालिकालाई उत्कृष्ट गन्तव्यको रुपमा स्थापित गर्ने, स्वच्छ, सफा र सुन्दर महादेवा गाउँपालिकाको पहिचान कायम राख्ने र योजनावद्ध वस्ति विकासलाइ यस नीति तथा कार्यक्रमले प्रमुख प्राथमिकताहरुको रुपमा लिइएको छ।

**(क) विद्यमान परिवेश**

विश्वव्यापीरुपमा फैलिएको कोभिड-१९ महामारीबाट थलिएर माथि उठन लागेको अर्थतन्त्र पुनः युक्रेन युद्ध र सोबाट विश्व आपूर्ति श्रृंखलामा आएको संकुचनले हाम्रो देशलाई प्रभावित गरेकव छ । यसबाट संघीय सरकारको राजश्व परिचालनमा प्रभाव पर्न गै स्थानीय तहले पाउनु पर्ने वित्तीय हस्तारणमा ८% नकारात्मक असर पुगेकोछ ।

नेपालले जनसांख्यिक लाभ लिदै अल्प विकसित मुलुकबाट विकासशील मुलकको श्रेणीमा उक्लिनै लाग्दा हरेक दिन २ देखि ३ हजार युवाहरू रोजगारीको खोजीमा नेपाल छोडेर विदेसिनु पर्ने अवस्थाले हाम्रो महादेवा गाउँपालिका अक्षुण्ण नरहेको कारणले गर्दा यस सन्दर्भमा युवालाइ देशिभत्रै रोजगारीको अवसर सृजना गर्ने र गाउँघरको वसाइलाइ आकर्षक वनाउने चुनौती हामी सबैको साझा मुद्दा हुन पुगेकोछ ।

यस विशिष्ट परिस्थितिमा हामीले हाम्रो अर्थतन्त्रलाई पुनर्उत्थानशील क्रियाकलापमार्फत अगाडी बढाउदै तिब्र र दिगो आर्थिक विकास गरी समृद्ध महादेवा सुखी महादेवाबासीको मुल लक्ष्य हासील गर्नु परेको छ। यसका लागि हाम्रो महादेवा गाउँपालिकामा स्थानीय आर्थिक विकासका कार्यक्रमलाइ विशेष जोड दिनु पर्ने अवस्था सृजना भएकोछ ।

सेवा प्रवाहलाइ थप प्रभावकारी बनाइ सुशासनको अनुभूति जनमानसमा ल्याउन महादेवा गाउँपालिकाको क्षमता विकास गर्न समेत अपरिहार्यछ । यसका लागि बिधुतीय सुशासन प्रणालीलाइ सेवा प्रवाहमा ब्यापक र प्रभावकारी वनाउनु पर्ने अवस्था देखिन्छ ।

**(ख) विकास तथा समृध्दिको लक्ष्य प्रासिका अवसर तथा चुनौती**

**विद्यमान अवसरहरू:**

हाम्रा लागि देहाय बमोजिमका अवसरहरू रहेकाछन:

१. संविधानतः अधिकार सम्पन्न स्थानीय सरकार स्थापना भै २२ वटा एकल अधिकार सहित विविध साझा अधिकार किटान हुनु ।
२. आफ्ना अधिकार क्षेत्रका विषयमा ऐन, कानून तर्जुमा, योजना तर्जुमाको अभ्यास हुनु ।
३. विकास निर्माणका विविध विषयमा नीति कार्यक्रम तथा बजेट सञ्चालन गर्ने अधिकार प्रष्ट हुनु।
४. महादेवा गाउँपालिका भित्र धार्मिक, तथा सांस्कृतिक विविधता रहनु ।
५. सबै वडामा सडक पूर्वाधारको पहुँच हुनु ।
६. सडक निर्माणमा भएको लगानी संगै महादेवा गाउँपालिकामा उत्पादित कृषिजन्य उत्पादनलाइ बजार सम्मको पहुँच स्थापित हुनु ।
७. घरहरूको निर्माणमा भवनसंहिता पालना हुने गरी भवन अभिलेखीकरण तथा नक्सापास कार्यविधि स्वीकृत गरी नागरिकको आकर्षण बढाउन सम्पूर्ण महादेवाबासीलाई अग्रसर गराउनेछ ।

**विद्यमान चुनौतीहरू:**

हाम्रा सामु देहाय बमोजिमका चुनौतीहरू रहेकाछन:

१. रोजगारउन्मुख सीपमूलक शिक्षाको विकास गर्नु ।
२. बजारको सूचना कृषकलाई समयमा नै उपलब्ध गराउनु ।
३. गुणस्तरीय बीउबिजन/मलखाद समयमा नै उपलब्ध गराउनु ।
४. युवा जनशक्तिलाइ कृषि ब्यवसाय प्रति आकर्षित गर्नु ।
५. ब्यावसायिक कृषकको संख्या वृद्धि गर्नु ।
६. वैदेशिक रोजगारीबाट फर्केका सीप युक्त युवाको सीप तथा पुँजीलाइ उद्यम विकासमा उपयोग गर्नु।
७. निर्माण भएको पूर्वाधारको मर्मत संभार पद्धतिको विकास गर्नु ।
८. सडक लगायतका पूर्वाधारको उपयोग योजना ,डिजाइन तथा ड्रइङ विना गरिने सडक तथा अन्य पूर्वाधारका संरचना निर्माणको कार्यलाई रोक्नु ।

९. बाढी पहिरो तथा डुवान लगायतका प्रकोपको उच्च जोखिम भएका वस्तीमा भवन निर्माण कार्यलाई रोक्नु।

१०. अव्यवंस्थित बस्ती बिस्तारको क्रम रोक्नु तथा व्यवस्थित बस्ति विकास गर्नु।

११. विभिन्न कालखन्डमा महादेवा गाउँपालिकामा निर्माण भएका पुर्वाधारका संरचना (पूँजीगत सम्पति) को लगत तयार गर्नु, मुल्यांकन गर्नु तथा सेवा प्रवाहमा प्रभावकारी उपयोग सम्बन्धी योजना (Asset Management Plan) तयार गरी कार्यान्वयन गर्नु ।

## (ग) नीति तथा कार्यक्रम तर्जुमाका आधारहरू

नेपालको संविधानमा स्थानीय शासन सम्बन्धी उल्लेख भएको नीतिगत व्यवस्था, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहले आवधिक, वार्षिक तथा रणनीतिक योजनाहरू बनाई लागू गर्दै जानुपर्ने प्रावधान, राष्ट्रिय योजना आयोगले जारी गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८, पन्ध्रौं आवधिक योजनाको मूलभूत पक्षहरू अनुसार विभिन्न चरणको सहभागितामूलक प्रक्रियाबाट यस महादेवा गाउँपालिकाको आर्थिक वर्ष २०८१/८२ को वार्षिक नीति तथा कार्यक्रम तयार गरिएकोछ ।

महादेवा गाउँपालिकाको आवधिक योजना, मध्यमकालीन खर्च योजना, महादेवा गाउँपालिकाले कार्यान्वयनमा ल्याइएका कानुनी प्रावधान समेतलाइ ध्यानमा राखी यो नीति तथा कार्यक्रम ल्याइएकोछ ।

गुणस्तरीय पूर्वाधार विकास निर्माणको कार्यमा महादेवा गाउँपालिका भित्रका आम उपभोक्ताहरु, सर्वसाधारण जनता, ब्यवसायीहरु, सामाजिक संघसंस्थाहरु तथा विकास साझेदारहरूको निरन्तर सहयोग रहदै आएको छ। विकास र सुशासनको लागि जनप्रतिनिधिहरुले स्पष्ट दृष्टिकोण सहित अगुवाई गर्ने हो भने प्रशासनिक संयन्त्रले त्यसलाई प्राविधिक तथा कानुनी ढाँचा भित्र आवद्ध गराउने हो। आम नागरिकहरुले साथ सहयोग, सुझाव दिने हो। जनसहभागीता एवं जनपरिचालनको क्षेत्रमा महादेवा गाउँपालिकाले कायम गरेको इतिहासलाई अक्षुण्ण राख्दै शासकीय प्रबन्धमा जवाफदेहिता, पारदर्शिता, गुणस्तरीयता एवं स्वच्छतायुक्त जनसहभागीता सुनिश्चित गरिने छ।

महादेवा गाउँपालिकाको गाउँ कार्यपालिकाबाट स्वीकृत संगठन तथा व्यवस्थापन सर्भेक्षण (O & M) लाई अद्यावधिक रुपमा अध्ययन गरी छरितो एवं चुस्त संगठन संरचना मार्फत प्रशासनिक तथा चालु खर्चलाई मितव्ययी वनाइनेछ । यसबाट सेवा प्रवाहलाइ प्रभावकारी तथा विकेन्द्रित तुल्याउदै पूँजीगत खर्च बढाउने नीति लिइएको छ। संघ तथा प्रदेश सरकारबाट प्राप्त अनुदान एवं वित्तिय हस्तान्तरणको उच्चतम र प्रभावकारी परिचालन एवं उपयोग गर्दै वित्तिय आत्मनिर्भरता कायम गर्न प्रयत्न गरिने छ।

यस महादेवा गाउँपालिकाले आफ्नो क्षेत्रमा समृद्ध, समावेशी, स्वच्छ, सुरक्षित, स्वावलम्बी र सुशासित समुदाय निर्माण गर्ने उद्देश्य लिएकोछ। जनताको मौलिक अधिकार र प्रतिनिधित्व सुनिश्चित गर्नका लागि सहभागिताका माध्यमबाट पारदर्शिता र जवाफदेहीतालाइ जोड दिइनेछ ।

## (घ) चालु आ.व.को हालसम्मका प्रमुख उपलब्धीहरूको संक्षिप्त विवरण

### भौतिक पूर्वाधार विकासका क्षेत्रमा भएका उपलब्धी

**सडक यातायातः**

यस महादेवा गाउँपालिकामा हाल सम्म १.६ कि मि पक्कि सडक, ५.४३ किमि ग्राभेल सडक, १.२ किमि धुले वा कच्ची सडक रहेकोछ । महादेवा गाउँपालिकाका सबै वडामा सडकको पहुँच पुगेकोछ। महादेवा गाउँपालिकाले

... वस्ती र धार्मिक पर्यटकीय क्षेत्रहरूमा समेत सर्वयाम गाडी चल्ने सडक पूर्वाधार विस्तार गरेकोछ । महादेवा गाउँपालिकाबाट अन्य गाउँपालिका/नगरपालिका तथा प्रमुख राजमार्ग सम्मको सडक पहुँचलाइ सुदृढ वनाइएकोछ ।

**सिंचाइः**

महादेवा गाउँपालिकाका वडा नं. १ देखि ६ सम्मका लागि आ.व. २०७९/०८० मा संघीय सरकार समपुरक कोषबाट प्राप्त रकमले सिंचाईका लागि विद्युतीकरण काम संचालन भई लगभग ६०% कार्य सम्पन्न भई अगामी आ.व. २०८१/०८२ मां पुर्णता पाउने लक्ष्य लिइएको छ ।

**सामाजिक विकास (शिक्षा, स्वास्थ्य, लक्षित समूह, ,) का क्षेत्रमा भएका उपलब्धी**

महादेवा गाउँपालिकामा कम्तीमा १५ शैय्याको अस्पताल निर्माण गर्ने लक्ष्य लिइएको छ । कार्यालयबाट प्रवाह हुने सार्वजनिक सेवा लगायत शिक्षा, स्वास्थ्य, पञ्जीकरण, बैंकिङ कारोबार आदिमा सूचना प्रविधिको प्रयोग भएको छ । विकासका विभिन्न क्षेत्रमा महिला तथा युवाहरूको संलग्नता बढेकोछ । युवाहरूको खेलकुदमा संलग्नता बढाउनका लागि खेलकुद मैदान तथा कभर्डहल निर्माण गर्ने लक्ष्य लिइएको छ ।

**आर्थिक विकास (कृषि, उद्योग, पर्यटन, सहकारी, रोजगार,,) का क्षेत्रमा भएका उपलब्धी**

हाल सम्म महादेवा गाउँपालिकामा ....... किमि कृषि सडक निर्माण भएकोछ । तरकारी संकलन केन्द्र कृषि हाटबजारको उचित व्यवस्थापन गर्ने लक्ष्य रहेको छन । कृषि सहकारी संस्थालाइ ब्यावसायिक कृषि तथा पशुपालनका क्षेत्रमा लगानी गर्न उत्पेरित गरिनेछ । महादेवा गाउँपालिका भित्र धार्मिक पर्यटकीय स्थलहरू काली भगवती मन्दिर पकरी, उग्रतारा भगवती मन्दिर अगाडी महादेवा गा.पा.-१, अंकुरी महादेव महादेवा गा.पा.-२, चण्डी भगवती मन्दिर बलिया महादेवा गा.पा.-४, दुर्गा भगवती मन्दिर दुर्गापुर , सितलामाई , हनुमान मन्दिर भगवतपुर महादेवा गा.पा.-५ र दिनाभद्री मन्दिर ढिकुली महादेवा गा.पा.-६ लाई संरक्षण र प्रवर्द्धन गर्ने कामलाइ व्यवस्थित रूपमा कार्यान्वयनमा ल्याइएकोछ । रोजगारी सृजना गर्न महादेवा गाउँपालिका भित्र रहेको श्रम शक्तिको लगत तयार गरि सीपमूलक तालिम सञ्चालन गरिएको छ । यसबाट ...रोजगारी सृजना भएकोछ ।

**वन, वातावरण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन**

वन, वनस्पति, ब्यवस्थापनलाइ समेटने गरी यसबाट प्राप्त हुने काठ, दाउरा, हरित उद्यम र पर्यापर्यटनको विस्तार तर्फ उन्मुख भएको छ । महादेवा गाउँपालिकामा रहेका ...सामुदायिक वनमा उपयोग र संरक्षण सहितको वैज्ञानिक वन ब्यवस्थापनका अभ्यासहरू प्रारम्भ गरिएकोछ।

दिगो फोहर ब्यवस्थापनका लागि अध्ययन सेनेटरी फिल्ड साइटको अध्ययन प्रतिवेदन स्वीकृत गरी नयाँ प्रविधिमा आधारित भै केही असल अभ्यासको थालनी भएकोछ ।

महादेवा गाउँपालिका वडा नं.-१ चिम्टीको दलित मुसहर जातिको बस्ती र केही विपन्न यादव जातीको बस्तीमा मिति २०८१/०१/१८ गते मंगलबारका दिन करिब २ बजे भिषण आगलागी हुदाँ ४६ घरपरिबारका ६६ घरधुरी जलेर नष्ट भई उक्त घरधुरीमा रहेका परिबारका सदस्यहरुका गरगहना, नगदी, जिन्सी, लताकपडा तथा पशु चौपाया समेत गरी लाखौको क्षति भएको हुदाँ यस गाउँपालिकाबाट ती अति विपन्न वर्गका आमा, बुवा, दाजु भाई, दिदी बहिनीहरुलाई आवश्यक खाद्यान्न , लताकपडा समेत जनजीवन सामान्य गर्नको लागि अस्थायी बसोबासको व्यवस्थाको लागि घरटहरा निर्माणको लागि कार्यहरु गरेको छ । यस कार्यमा महादेवा गाउँपालिकाको आव्हानमा

... विपद व्यवस्थापन समितिको सहयोगमा विभिन्न दातृ संघ संस्थाहरुले गर्नु भएको सहयोगको लागि आभार ...कट गर्दछु ।

महादेवा गाउँपालिका क्षेत्र भित्र चालु आर्थिक वर्षमा १०-१२ ठाउँमा आगलागी भएको घटना सार्वजनिक हुन आएको छ । अन्य ठाउँहरुको अपेक्षा ती मध्ये वडा नं.-१को चिम्टीमा भएको उक्त आगलागी को दृश्य भयाभह थियो । यस महादेवा गाउँपालिकाको जनप्रतिनिधिहरुले आफ्नै आँखाले उक्त आगलागीका भयाभह दृश्य देखेका छौ । गरिब विपन्न किसानहरु दलित मुसहर बस्तीका दैनिक रुपमा ज्यालादारी कमाइ खाने र विपन्न वर्गका ती दाजु भाईहरुको घर आगोमा दनदन बलीरहेको ती घरमा भएका अन्नपात, पशुचौपाया जली रहेको दृश्यहरु हाम्रो स्मरणमा रहने छ । यस सम्बन्धमा महादेवा गाउँपालिकाले विपद प्रतिकार्य कार्ययोजना तयार छ । सो अनुरुप चिम्टीका अग्निपिडितको स्थायि बसोबासका लागि नमूना बस्ती निर्माण गर्न स्थानीय साझेदारीमा प्रदेश र संघ सरकारबाट् आवश्यक सहयोगको लागि अनुरोध गर्ने छौ ।साथै यस गाउँपालिकाको क्षेत्र भित्र चैत्र बैशाख महिना तिर आगलागीका घटना बढीनै हुने गरेकोले एउटा बारुणयन्त्रको यथाशिघ्र व्यवस्था गरिदिनुहुनको लागि मधेश प्रदेश सरकार सँग अनुरोध गरेका छौ ।

**सुशासन तथा संस्थागत विकास भएका उपलब्धी**

महादेवा गाउँपालिकाले ..वटा ऐन, ..नियमावली, ... कार्यविधि, र ... मापदण्डहरू तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ। त्यसै गरी महादेवा गाउँपालिकाले संगठन अनुसारको संगठन संरचना, जनशक्ति र कार्यविवरण तयार गरी कार्यान्वयनमा ल्याएकोछ । यस महादेवा गाउँपालिकाले गत आ.व. को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) मा ३५ अंक प्राप्त गरेको छ । जो अति न्यूनतम छ स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन लिजाको अंगमा बृद्धि ल्याउनका लागि आवश्यक कार्यक्रमहरुको संचालन गरिनेछ ।

**(च) आगामी आ.व. २०८१/०८२ को प्रमुख नीति तथा कार्यक्रमहरू**

सभाध्यक्ष महोदय,
अब म आ. व. २०८१/८२ को विभिन्न विषयगत एवं क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु ।

**१. सामाजिक विकास सम्बन्धी नीति तथा कार्यक्रम**

**क. शिक्षा**

१. विद्यालय भर्नालाई प्रभावकारीरुपमा रुपमा संचालन गर्ने ।
२. विद्यालय बाहिर रहेका बालबालिकालाई विद्यालयमा ल्याउने ।
३. शिक्षकको अभाव पुर्ति गर्नको लागि स्वंयसेवक शिक्षक परिचालनमा निरन्तरता दिईने ।
४. सामुदायिक विद्यालयहरुको भौतिक पूर्वाधार निर्माण, मर्मत सम्भार लगायत विद्यालय स्तरमा स्वच्छ खानेपानी, सरसफाई, शौचालयहरुमा र्खाल निर्माण कार्यलाई प्राथमिकता दिईने ।
५. सामुदायिक विद्यालयहरुमा अध्ययनरत आर्थिक रुपले विपन्न र सिमान्तकृत समुदाय, दलित तथा अपाङ्गता भएका जेहेन्दार विद्यार्थीहरुलाई छात्रवृतिको व्यवस्था गरिने ।
६. सामुदायिक विद्यालयहरुमा अध्ययनरत महिनावारी हुने उमेर समूहका छात्राहरुलाई निःशुल्क सेनेटरी प्याडको वितरण कार्यलाई निरन्तरता दिइने ।
७. शिक्षा क्षेत्रमा युग सुहाउँदो सूचना तथा संचार प्रविधिको प्रयोगमा जोड दिइने ।

महादेवा गाउँपालिकाको शिक्षा नियमावली २०८१ तयारी एवंम कार्य सम्पादनको आधारमा नियमावलीमा व्यवस्था भए बमोजिम शिक्षकहरुलाई सरुवा अथवा पदस्थापना गरिने ।

९. विद्यालयमा सुशासन, पारदिशता र जावफदेहिता ल्याउन विद्यालय लेखा प्रणाली (SAS) को प्रयोगमा जोड दिइने ।

१०. संचालन अनुमति विना संचालनमा रहेका शैक्षिक संस्थाहरुलाई कानूनको दायरामा ल्याउने ।

११. स्थानीय पाठ्यक्रम तथा पाठ्य सामग्री निर्माण कार्यलाई पूर्णता दिई अगामी शैक्षिक सत्र २०८२ देखि "हाम्रो महादेवा" कक्षा १-५ सम्म स्थानीय पाठ्यक्रम लागु गरिने ।

१२. यस महादेवा गाउँपालिकालाई पूर्ण साक्षर गाउँपालिका घोषणा गर्ने निती लिइनेछ ।

१३. छोराछोरीलाई विद्यालय नपठाउने अभिभावकहरुलाई पालिकाले सेवा सुविधामा कटैती गर्ने निती लिइनेछ ।

१४. स्वास्थ्य नै जीवन हो भन्ने नारालाई मूर्तरुप दिन विद्यालय खेलकुदमा जोड दिने निती लिइनेछ ।

१५. प्रत्येक वडामा एक-एक वटा हरित, सफा एवंम नमूना विद्यालय बनाउने निती लिइनेछ ।

१६. विद्यालयका प्र.अ. तथा शिक्षक कर्मचारीको उच्च मनोवल रहने कार्यको निती लिइने छ ।

१७. बालविकास शिक्षाको पहुँच एवंम गुणस्तरीयतामा जोड दिइनेछ ।

१८. मा.वि. तथा आ.वि. विद्यालयहरुमा विद्युतीय हाजिरी प्रणाली प्रयोगमा लगाउने निती लिइनेछ ।

१९. आवश्यकता र वास्तविक जीवनसँग जोड्ने र काम सिकाउने जीवनपयोगी सीपमा आधारित शैक्षिक पाठ्यक्रमको विकास गरी एक विद्यालयबाट नमूनाको रूपमा शुरूआत गर्ने र क्रमशः सबै विद्यालयमा सो अनुसारको पठनपाठनको व्यवस्था मिलाइनेछ ।

२०. शिक्षा नियमावली, शिक्षा नीति, वहुभाषा शिक्षा निर्देशिका जस्ता कानुनी तथा नीतिगत व्यवस्था मार्फत शिक्षा क्षेत्रको गुणस्तर नियमन एवं प्रवर्द्धन गरिने छ।

२२. महादेवा गाउँपालिकाको स्थानीय शिक्षा पाठ्यक्रम तर्जुमा गरी त्यस्तो पाठ्यक्रममा अतिरिक्त क्रियाकलाप र विविध समुदायका जातिय तथा सांस्कृतिक पहिचानहरुको बोध गराउन अवलोकन भ्रमण पद्धतिबाट अभ्यास कक्षा र प्रयोगात्मक शिक्षामा दिन जोड दिइनेछ।

२३. संस्थागत विद्यालयहरुको विभिन्न सूचकहरुको आधारमा वर्गिकरण गरी वैज्ञानिक ढंगले शुल्क निर्धारण गरी लागु गरिनेछ।

२४. अंग्रेजी माध्यमबाट शिक्षा दिन इच्छुक सामुदायिक विद्यालयहरुलाई पूर्वाधार तथा शिक्षक दरबन्दी लगायतका कार्यमा प्रोत्साहन दिई निजी विद्यालय सरह सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर कायम गरिनेछ।

२५. विषयगत शिक्षकहरुको अभिलेख व्यवस्थापन गरी महादेवा गाउँपालिकाको शैक्षिक विकासमा उनीहरुको अनुभवलाई उपयोग गरिनेछ।

२६. संस्थागत विद्यालयमा कार्यरत शिक्षकहरुलाई श्रम ऐनले तोके बमोजिम न्यूनतम पारिश्रमिक उपलब्ध गराउने नीति कार्यान्वयन गरिने छ।

२७. सामुदायिक विद्यालयहरुमा शिक्षक विद्यार्थी अनुपातमा विषयगत दरबन्दी एवं शिक्षक सरुवालाई व्यवस्थापन गरिनेछ ।

२८. "उत्कृष्ट शैक्षिक गन्तव्य महादेवा गाउँपालिका हाम्रो पहिचान" भन्ने आदर्श लक्ष्य प्रासिका लागि सरकारी तथा निजी क्षेत्रका शैक्षिक संस्थाहरुबाट प्रदान गर्ने उच्च शिक्षालाई थप गुणस्तरीय र सर्वसुलभ तुल्याउन नियुक्त श्रोत विज्ञ शिक्षकहरुद्वारा प्राप्त प्रतिवेदनका आधारमा महादेवा गाउँपालिका क्षेत्रभित्रका

विद्यालयहरुमा कार्यरत शिक्षकहरुलाई आवश्यकता अनुसार आन्तरिक सरुवा गरी शैक्षिकस्तरलाई उच्च बनाउने निती लिइएको छ ।

२९. विद्यालयहरुको भौतिक पूर्वाधार निर्माण गर्दा बालमैत्री तथा अपाङ्गतामैत्री संरचना निर्माण गरिनेछ।

३०. सबै विद्यालयहरुमा पुस्तकालय, विज्ञान र कम्प्युटर प्रयोगशाला स्थापनाको नीति लिइनेछ।

३१. शिक्षक तथा विद्यालय कर्मचारीहरुको पारिश्रमिक मासिक रुपमा सोझै सम्बन्धित व्यक्तिको खातामा जम्मा हुने प्रणाली लागु गरिने छ।

३२. महादेवा गाउँपालिका क्षेत्र भित्रका गुरुकुल, मदर्शा र गुम्बा जस्ता शिक्षालयहरुको स्तर उन्नती गर्दै लगिनेछ।

३३. शैक्षिक प्रणाली मै रूपान्तरण ल्याउन पाठ्यक्रम विकास, पठनपाठनको व्यवस्थापन, अतिरिक्त क्रियाकलाप ब्यवस्थपान, शैक्षिक पात्रो ब्यवस्थापन, अद्यावधिक स्रोत ब्यवस्थापन, विद्यालय-अविभावक विचको सञ्चार ब्यवस्थापन, अनलाइन शिक्षण तथा सिकाइ र दस्तावेजीकरण लगायतका क्षेत्रमा सूचना प्रविधिको प्रभावकारी उपयोग गरी सबै सामुदायिक तथा संस्थागत विद्यालयहरुमा शैक्षिक ब्यवस्थापन सूचना प्रणाली (EMIS) लागु गर्ने नीति अवलम्बन गरिनेछ।

## २. संस्कृति सम्बन्धी नीति तथा कार्यक्रम

१. महादेवा गाउँपालिकालाई खुल्ला वहुसांस्कृतिक संग्रहालयको रुपमा विकास गर्न पूर्वाधार निर्माण गर्दा वहुसांस्कृतिक पहिचान र मौलिकता झल्किने वास्तुकला, मूर्तिकला, चित्रकला जस्ता संकेतहरु निर्माण गरिनेछ।

२. महादेवा गाउँपालिका भित्र आयोजना हुने महोत्सवहरुमा विविध जातीय भेषभुषा, कला साहित्य, संगित लगायतको झाँकी सहित प्रदर्शन गर्ने नीति लिइनेछ।

## ३. युवा तथा खेलकुद सम्बन्धी नीति तथा कार्यक्रम

१. खेलकुदको विकास गर्न विभिन्न खेलहरुका लागि खेलकुद मैदान लगायतका खेल पूर्वाधार निर्माण तथा मर्मत सम्भार गरिनेछ।

२. विषयगत खेल पुरस्कार राशीहरु स्थापना तथा दिगो ब्यवस्थापन गर्दै जाने नीति लिइनेछ।

३. विभिन्न किसिमका दुर्व्यसनमा परेका युवाहरुलाई निरोधात्मक, प्रवर्द्धनात्मक र उपचारात्मक कार्यक्रमहरु मार्फत दुर्व्यसन मुक्त गराई समाजमा पुनस्थापनाको प्रबन्ध मिलाइनेछ।

४. सामाजिक सुरक्षा भत्तालाई व्यवस्थित पार्नको लागि बायोमेट्रिक डिभाइसको प्रयोगमा आइसकेको र आगामी आर्थिक वर्ष आई रेटिना डिभाइसलाई प्रयोगमा ल्याइने छ ।

५. वैदेशिक रोजगारबाट फर्केका युवाहरुले आर्जन गरेको ज्ञान र सिप सदुपयोग गर्दै स्वरोजगार र उद्यमशीलता विकासका लागि महादेवा गाउँपालिकाको स्थानीय आर्थिक विकास योजना अन्तरगत समावेश भएका नवप्रवर्तनशील, लगायतका प्रोत्साहनमुखी कार्यक्रम संग आवध्द गरिनेछ।

६. युवा उद्यमशिलता विकासका कार्यक्रमहरु मार्फत युवालाई "विदेश हैन बिजनेस" भन्ने भावना जागृत तुल्याई स्वरोजगार उन्मुख गराइनेछ।

७. युवा बेरोजगारी न्यूनिकरणका लागि सरकारी, गैरसरकारी, सहकारी तथा निजी क्षेत्रको समन्वय र सहकार्यमा सिप तथा उद्यमशील क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ।

८. "एक वडा, एक व्यायामशाला" को नीति लिई युवाहरुलाई प्रशिक्षणको व्यवस्था मिलाइनेछ।

९. विपन्न, गरिब र सुकुम्वासी परिवारका युवाहरुलाई इलेक्ट्रोनिक्स सामाग्री मर्मत, प्लम्बिङ्ग तथा इलेक्ट्रिसियन, ब्युटि पार्लर, ब्यावसायिक पशु पालन तथा तरकारी खेती जस्ता तालिमहरु प्रदान गरी गरीबी न्यूनिकरण र जिविकोपार्जनमा सहजीकरण गरिनेछ।

१०. महादेवा गाउँपालिकाका गौरवका रुपमा रहेका खेलकुद कुस्ती (मलयुद्ध) जस्ता प्रतियोगिताहरु आयोजना गर्न सहकार्य र साझेदारी गरिनेछ।

**४. लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रम**

१. लैङ्गिक विभेद अन्त्य गर्दै लैङ्गिक समानता र सामाजिक समावेशिकरण सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ।

२. महिला, बालबालिका, अल्पसंख्यक, भूमिहिन, अति गरिब, आदिवासी जनजाति र सामाजिक बहिस्करणमा परेका वर्गको लागि उत्थानशील कार्यक्रमहरु संचालन गरिनेछ।

३. ऐतिहासिक कालदेखि दलित तथा शील्पी समुदायले, जीवन निर्वाहको रुपमा अपनाइ आएका परम्परागत पेशालाई व्यवसायिक उद्यमको रुपमा विकास गर्न पुँजि लगानी सहयोग गरिनेछ।

४. विकासका कार्यक्रमहरुमा टोल विकास संस्थाहरु निर्माण गरी सघन रुपमा परिचालन गरिनेछ ।

५. महादेवा गाउँपालिकालाई सडक मानव मुक्त गाउँपालिका बनाइनेछ। यस कार्यकालागि मानव सेवा आश्रमसँग आवश्यक सहकार्य गरिनेछ ।

६. हिंसा पिडित महिला तथा बालबालिकाको लागि एकद्वार संकट व्यवस्थापन केन्द्र स्थापना गरिनेछ।

७. "हिंसा मुक्त गाउँपालिका हाम्रो पहिचान" अभियान संचालन गरी सबै प्रकारका हिंसा विरुद्ध शुन्य सहनशिलता नीति लिइनेछ। पारिवारिक हिंसाद्वारा पिडितको संरक्षणका कार्यक्रम संचालन गरिनेछ।

८. महादेवा गाउँपालिकाको बजेट तथा कार्यक्रममा लैङ्गिक परीक्षण गर्ने व्यवस्था मिलाइनेछ।

९. महिला उद्यमसीलता विकासका लागि महिलाद्वारा प्रवर्द्धित व्यवसायमा निश्चित प्रतिशत कर छुटको व्यवस्था गरिनेछ।

१०. गर्भवती महिलाहरुको लागि आमा सुरक्षा कार्यक्रम र नवजात शिशुको लागि पोषण कार्यक्रम संचालन गरिनेछ।

११. महादेवा गाउँपालिका तथा वडास्तरीय बाल क्लब गठन गरी परिचालन गरिनेछ।

१२. हरेक वडामा एउटा बाल उद्यान निर्माण अभियान संचालन गरिनेछ।

१३. बालविकास केन्द्रहरुको भौतिक पूर्वाधार स्तरोन्नति गरिनेछ।

१४. महादेवा गाउँपालिकाका बालमैत्री घोषणा हुन बाँकी सबै वडाहरुलाई आ. व. २०८१/८२ भित्र बालमैत्रि वडा घोषणा गर्ने कार्य को थालनी गरिनेछ ।

**५. स्वास्थ्य सम्बन्धी नीति तथा कार्यक्रम**

१. नागरिकको पहुँच सुनिश्चित हुने गरी गाउँ महादेवा गाउँपालिकाक्षेत्र भित्र चिकित्सकीय र प्रयोगशाला सेवा तथा अनुसन्धानात्मक कार्यहरू सञ्चालन गर्न अस्पताल, प्राथमिक स्वास्थ्यकेन्द्र, आधारभूत स्वास्थ्य केन्द्र स्थापना तथा स्तरोन्नती गरी रोकथाम, निदान र पुनर्स्थापन सेवालाइ सहज र नियमित वनाइनेछ ।

२. महादेवा गाउँपालिकाका नागरिकहरुलाई मृगौला, मुटु, उच्च रक्तचाप, मधुमेह जस्ता रोगको निःशुल्क जाँच र उपचारको प्रबन्ध मिलाइने छ।

३. सामुदायिक विद्यालयहरुमा विद्यार्थीहरुको नियमित स्वास्थ्य परिक्षण गर्ने व्यवस्था मिलाइनेछ।

बर्थिङ सेन्टर र स्वास्थ्य क्लिनिकहरुका सेवाको सुधार गर्ने क्रममा प्रयोगशाला सहितको सेवा उपलब्ध गराउने कार्यक्रम संचालन गरिनेछ।

५. नेपाल रेडक्रस सोसाइटीसँग सहकार्य गरी रक्त सञ्चार सेवालाई सहज तुल्याइनेछ।

६. आर्थिक रुपमा अति विपन्न महादेवा गाउँपालिकावासीहरुको स्वास्थ जाँच र उपचारका लागि निजहरुलाई अस्पताल ल्याउन-लैजान एक एम्बुलेन्स सेवाको व्यवस्था भएतापनि वडा नं. २ मा भारत सरकारको सहयोगबाट प्राप्त अर्को एम्बुलेन्स गरि जम्मा दुई वटा एम्बुलेन्स मार्फत गरिनेछ।

७. अर्गानिक खेतिको विस्तार र तरकारी तथा खाद्यान्नमा विषादीको उचित व्यवस्थापन गर्न विशेष व्यवस्था गरिनेछ।

८. महिला स्वयंसेविकाहरुको दक्षता विकास तालिम उपलब्ध गराई उनीहरुको सेवालाई प्रभावकारी तुल्याइनेछ।

९. स्वास्थ्य संस्थाहरुको प्रभावकारी सेवा विस्तारका लागि सार्वजनिक संस्था निजी क्षेत्र र गैरसरकारी संस्थाहरुसँग सहकार्यको नीतिलाई निरन्तरता दिइनेछ।

१०. स्वास्थ क्लिनिकहरुले प्रदान गर्ने आधारभुत सेवाहरुको शुल्कलाई नियमन गरिनेछ।

११. सीमान्तकृत, गरीव तथा पछाडी परेका जनसमुदायहरुलाई निःशुल्क स्वास्थ्य बीमा गरिनेछ।

१२. निर्माणधिन स्वास्थ चौकीहरुलाई पुर्णता दिई सञ्चालनका लागि विशेष व्यवस्था गरिनेछ।

१३. साबिक पकरी स्वास्थ्य चौकी रहेको भवनमा तहाँ नजिकै रहेको श्री नरबहादुर जनता माध्यमिक विद्यालयका लगभग १५०० विद्यार्थीहरुको स्वास्थ्यलाई ध्यानमा राखी त्यस भवनबाट संचालन हुने गरी एक हेल्थ असिस्टेन्ट, एक सि.एम.ए र एक अ.न.मी. र एक कार्यालय सहयोगी रहने गरी आधारभूत स्वास्थ्य सेवा केन्द्र संचालन गरिनेछ ।

१४. ६ वटै वडामा संचालनमा रहेका स्वास्थ्य चौकीहरुको सम्बन्धमा अधुरो निर्मित स्वास्थ्य चौकीमा भवनहरुलाई पुर्णता दिई यथाशिघ्र संचालनमा ल्याउने छ ।

१५. ६ वटै वडाहरुमा एक-एक गाउँघर किल्निकको व्यवस्था गर्नेछ ।

१६. जेष्ठ नागरिकहरुका लागि घरदैलो उपचार कार्यक्रम ल्याउने साथै घुम्ती स्वास्थ्य उपचार कार्यक्रम संचालनमा ल्याउनेछ ।

१७. गा.पा. क्षेत्रभित्रका क्यान्सर, मृगौला स्पाइनल इन्जुरी जस्ता रोगीहरुको लागि नेपाल सरकारद्वारा जिविकोपार्जन तथा उपचार खर्च वापत मासिक रु. ५ हजारका दरले दिई आएकोमा अगामी आ.व. २०८१/०८२मा मुटू रोगीहरु समेतलाई गा.पा.बाट मासिक रुपमा ५ हजारका दरले जिविकोपार्जन तथा उपचार खर्च वापत आर्थिक सहायता उपलब्ध गराइनेछ ।

१८. आयुर्वेद सेवा कार्यक्रमलाई प्राथमिकतामा राखी संचालन गरिने ।

१९. निरोगी नेपाल अभियान कार्यक्रम अन्तर्गत मेरो स्वास्थ्य मेरो जिम्मेवारी नारालाई सार्थक बनाउन आयुर्वेद औषधिको प्रयोग तथा योगमा जोड दिने ।

## २. आर्थिक विकास सम्बन्धी नीति तथा कार्यक्रम

२.१ स्थानीय आर्थिक विकासलाइ योजनावद्ध रूपमा कार्यान्वयनमा ल्याइनेछ । यस अन्तरगत स्थानीय प्रतिस्पर्धी वस्तु वा सेवाको सहभागितामूलक पहिचान गरी ती वस्तु वा सेवाहरूको समग्र मुल्य श्रृङ्खला (उत्पादन देखि बजारीकरण सम्म) मा गाउँपालिका, निजीक्षेत्र, र सहकारी (समुदाय) समेतको सहकार्यमा स्थानीय आर्थिक विकासका योजना अन्तरगतका कार्यक्रमहरू सञ्चालन गरिनेछन् ।

उल्लेखित बमोजिम स्थानीय आर्थिक विकासका सम्भावनाहरुको पहिचान र व्यावसायिक परिचालनका लागि महादेवा गाउँपालिकाले विशेष पहल गर्नेछ । यसका लागि स्थानीय तहमा व्यावसायिक वातावरणको विकास गर्न गाउँपालिकाले नीजिक्षेत्र, सार्वजनिक क्षेत्र र सहकारी (समुदाय समेत) को सहभागिता रहने गरी एक स्थानीय **आर्थिक विकास सम्वाद मञ्च** गठन गर्नेछ ।

२.३ वित्तिय साक्षरता सहितको सीप विकास, उद्यमशीलता विकास तथा नव उद्यमशीलता प्रवर्धन र विशिष्टिकृत वस्तुको उत्पादन तथा वजारीकरण समेटिनेछन ।

**क. उद्योग तथा पर्यटन सम्बन्धी नीति तथा कार्यक्रम**

१. औधोगिक तथा ब्यावसायिक विकासका लागि महादेवा गाउँपालिका उद्योग वाणिज्य संघ सँग साझेदारीको नीति लिइनेछ। औधोगिक प्रदर्शनी स्थलको सम्भाव्यता अध्ययन गरी निर्माण कार्य अगाडी बढाइनेछ।

२. उद्योग व्यवसाय दर्ता, नविकरण, स्थानान्तरण तथा नामसारी जस्ता प्रशासनिक प्रकृयालाई सूचना प्रविधिको प्रयोग गरी सरलीकरण र प्रभावकारी बनाइनेछ ।

३. लगानीमैत्री नीति तथा औधोगिक पर्वाधार सुदृढीकरण गर्न उद्योग तथा पर्यटनको विकासको नीति लिइनेछ।

४. पर्यटन मार्फत आर्थिक समृद्धि हासिल गर्न महादेवा गाउँपालिकाको पर्यटन गुरुयोजना तर्जुमा गरी सोही आधारमा पर्यटन पूर्वाधार विस्तार र पर्यटन विकासका कार्यक्रमहरु संचालन गरिनेछ।

५. महादेवा गाउँपालिका क्षेत्र भित्रका पर्यटकीय स्थलहरु जोड्न पर्यटकीय सडक संजाल कार्यान्वयन प्रारम्भ गरिनेछ।

६. महादेवा गाउँपालिका र वाहिर अन्य गाउँपालिका/नगरपालिका संग सहकार्य गरी नेपाल पर्यटन बोर्डको सहलगानीमा साविकका प्याकेजमा सुधार सहित नयाँ प्याकेजको निर्माण तथा कार्यान्वयन गरिनेछ।

७. विभिन्न जातजातिको जातजातिपरम्परागत पर्व, संस्कार र संस्कृतिहरुको प्रवर्द्धन गरिनेछ।

८. मुख्य स्थान चोक र महादेवा गाउँपालिका प्रवेशद्वारहरुमा पर्यटकीय क्षेत्रको परिचय सहित पर्यटक आंकर्षण गर्न डिजिडल डिस्प्ले /विलवोर्ड राखिनेछ।

९. महादेवा गाउँपालिका भित्रका पर्यटकीय स्थलहरुको प्रचार प्रसारका लागि डकुमेन्ट्री प्रसारण र ब्रोशर हरुको वितरण गरिनेछ।

१०. अन्तर गाउँपालिका/नगरपालिका सम्बन्ध प्रवर्द्धन गर्दै अन्य स्थानीय तहहरुका असल अभ्यासलाई अनुसरण गरी पर्यटन प्रवर्द्धन गर्न थप राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गाउँपालिका/नगरपालिकाहरुसँग भगिनी सम्बन्ध विस्तार गरिनेछ।

**ख. कृषि तथा पशुपंक्षी सम्बन्धी नीति तथा कार्यक्रम**

१. उच्च मुल्यका फलफुल, तरकारी तथा अन्नबालीहरुको पकेट क्षेत्रहरु पहिचान गरी सघन कृषि क्षेत्र निर्धारण गरी ती स्थानहरुमा ब्यावसायिक कृषि कार्यक्रम संचालन गरिनेछ।

२. रैथाने बालीहरुको विउ संरक्षण, खेती विस्तार र बजारीकरणको लागि विशेष प्रबन्ध मिलाइनेछ। महादेवा गाउँपालिकामा भ्रमण गर्ने पर्यटकहरुलाई स्थानीय परिकारको ब्राण्डको रुपमा त्यस्तो खाना उपलब्ध गराइनेछ।

३. कृषि उपजको आयात प्रतिस्थापनको नीति लिई कृषि तथा पशुपालनलाई आधुनिक प्रविधिमा आधारित तुल्याउदै व्यवसायीकरण गरिनेछ।

महादेवा गाउँपालिका भित्रका कृषकहरुको खण्डिकृत/वर्गिकृत एवं विस्तृत तथ्याङ्क आधार निर्माण गरिनेछ।

५. उत्पादन लागत, थोक तथा खुद्रा मुल्य विश्लेशण गर्दै बिचौलियाबाट उत्पादकमाथि हुने ठगी तथा शोषण नियन्त्रणका लागि मुख्य कृषि उपजको गाउँपालिका भित्र समर्थनमुल्य निर्धारण गरिनेछ। बजारमा हुने मागको जोखिमलाइ न्यूनीकरण गर्न ब्यावसायिक कृषकका लागि तोकिएको मुल्यमा महादेवा गाउँपालिकाले विक्री हुन नसकेको उत्पादन किन्ने ग्यारेन्टी (Buy back guarantee) गरिनेछ ।

६. ब्यावसायिक कृषि पकेट क्षेत्रमा सिंचाई, कृषि सडक, विद्युतिकरण, कृषि बजार, सित भण्डार तथा गोदाम घरहरुको पूर्वाधार निर्माण गरिनेछ।

७. मासु पसल तथा बधशालाहरुको पूर्वाधार स्तरोन्नती गरी स्वास्थ्य मापदण्डमा आधारित तुल्याइनेछ।

८. तरकारी उत्पादनको लागि ब्यावसायिक, करेसावारी, करार खेती र कौशी खेतीको लागि तालिम, प्रविधि र लगानीको ब्यवस्था सहितको नमूना कार्यक्रम संचालन गरी प्रोत्साहन गरिनेछ ।

९. गाउँपालिका क्षेत्रभित्र रहेका कृषकहरुको लागि कृषि मिटरको व्यवस्था गर्ने र कृषि मिटरको विद्युत महँसुल गाउँपालिकाले व्यहोर्नेछ ।

१०. समयमा मल खाद र उन्नत बिउ विजनको व्यवस्था गर्नेछ ।

११. यस गा.पा. क्षेत्रभित्रका किसानहरुलाई धानबाली काटी सकेपछि झण्डै ५-६ महिना सम्म अधिकांश खेती योग्य जग्गा खाली रहने गरेको पाइएको छ उक्त खाली खेती योग्य जग्गालाई मकै खेती गर्नका लागि आवश्यक कार्यक्रम ल्याउनेछ ।

१२. किसानहरुलाई सिंचाईका लाग बोरिङ्को व्यवस्था गर्नेछ ।

१३. लक्षित वर्गका किसानहरुका लागि तरकारी खेती फलफुल खेती तिर आकर्षित गर्न आवश्यक कार्यक्रमहरु ल्याउनेछ ।

१४. गा.पा. क्षेत्रभित्रका कृषि हाट बजारहरु लाई उचित व्यवस्थापन गरी कृषि उपजहरुको प्रबर्धन गर्नेघ ।

**ग. सहकारी सम्बन्धी नीति तथा कार्यक्रम**

१. सहकारी संस्थाहरुको संस्थागत सुशासन प्रवर्द्धन गर्दै निच्छेपकर्ताहरुको हित संरक्षणका लागि अनुगमनलाई प्रभावकारी तुल्याइनेछ।

२. उत्पादनमूलक सहकारीहरुको स्थापना गरिएमा विंउपूजी लगानीको रुपमा सहयोग उपलब्ध गराइनेछ ।

३. महादेवा गाउँपालिका भित्र स्थापना हुने कृषि समूह निजी फर्म र सहकारीहरुको दर्ता तथा कार्य क्षेत्र अनुमति जस्ता विषयहरुलाई व्यवस्थित ढंगले अघि बढाइनेछ।

४. सहकारीहरुको माध्यमबाट उत्पादनशिल क्रियाकलापमा संलग्न नागरिकहरुको पूँजि संकलन तथा परिचालन गरी साना तथा स्वरोजगारीका अवसर श्रृजना गरी गरिबी न्यूनिकरण गर्ने योजनालाई निरन्तरता दिइनेछ।

५. कृषि लगायत विषयगत सहकारीलाइ त्यो क्षेत्रमा केन्द्रित भै लगानी गर्ने नीतिलाइ कठोर रूपमा कार्यान्वयन गरिनेछ।

**३. सूचना तथा संचार सम्बन्धी नीति तथा कार्यक्रम**

पत्रकार महासंघको सहकार्यमा स्थानीय सञ्चार गृहहरुको सुदृढिकरण गर्दै संचार सस्था र महादेवा गाउँपालिकाको सहकार्यमा जनहितकारी सूचनाहरु सम्प्रेषण गर्ने, महादेवा गाउँपालिकाका निर्णय तथा सूचनाहरुमा सञ्चार संस्थाहरुको पहुँच बढाई खुल्ला सरकारको नीति लिइनेछ।

२. स्थानीय टिभि च्यानेल वा नेपाल टेलिभिजनसँगको सहकार्यमा सञ्चालित "हाम्रो महादेवा गाउँपालिका" टेलिभिजन प्रसारण कार्यक्रम सञ्चालन गरिनेछ ।

३. महादेवा गाउँपालिका क्षेत्र भित्रबाट प्रकाशित हुने स्थानीय तथा राष्ट्रिय पत्रपत्रिका, अनलाईन पत्रिकाहरुको व्यवसाय प्रवर्द्धन कार्यक्रमहरु संचालन गरिनेछ।

४. विज्ञापन तथा सूचनामा स्थानीय संचार संस्थाहरुलाई प्राथमिकता दिइनेछ।

५. नागरिकहरुको सूचनाको हकको स[illegible]न गर्दै महादेवा गाउँपालिकालाई सूचनामैत्रि बनाइनेछ।

## ४. न्याय, कानून तथा मानव अधिकार प्रवर्द्धन सम्बन्धी नीति तथा कार्यक्रम

१. न्यायिक समितिको अधिकार क्षेत्र भित्रका विवादहरुको शीघ्र निरुपण गरी प्रभावकारी न्याय सम्पादन गर्न आवश्यक नीति तथा कानूनहरुको प्रबन्ध मिलाइनेछ।

२. न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीहरुको विषयगत ज्ञान र क्षमता विकासका कार्यक्रमहरु कार्यान्वयन गरिनेछ।

३. सभाबाट हालसम्म निर्माण भएका ऐन कानूनहरुलाई संग्रहित गरी स्थानीय कानून संग्रह प्रकाशन गरिनेछ।

४. मानव अधिकारको सम्मान, संरक्षण, सम्बर्द्धन र प्रवर्द्धनका लागि आवश्यक नीति तथा कानून तर्जुमा गरी प्रवर्द्धनात्मक कार्यक्रमहरु संचालन गरिनेछ।

५. न्याय सम्पादनको कार्यलाइ थप ब्यवस्थित गर्न यस सम्बन्धी सम्पुर्ण प्रक्रियालाइ **डिजिटल जस्टिस सिस्टमं** तयार गरी लागु गरिनेछ ।

६. घटेको घटनाको दिन देखि ३५ दिन भित्र व्यक्तिगत घटना दर्ता गरेमा निःशुल्क हुने र गाउँपालिका द्वारा एकमुष्ठ रु. १०००/- नगद दिइने व्यवस्था गराइएको छ ।

७. सामाजिक सुरक्षा भत्ता EFT माध्यमबाट बैकिङ्ग प्रणालीद्वारा भुक्तानीलाई अझै सहजता बनाउनेमा जोड दिने र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने व्यक्तिको नवीकरण कार्यमा बायोमेट्रिक डिभाइस र आई भिजन रेटिनाको प्रयोगमा ल्याउनेछ ।

## ५. सुशासन, सार्वजनिक सेवा तथा क्षमता विकास सम्बन्धी नीति कार्यक्रम

१. महादेवा गाउँपालिका भित्र रहेका स्रोत साधन, सेवा केन्द्र लगायत सम्पूर्ण नागरिकहरुको पेशा व्यवसाय, सामाजिक आर्थिक अवस्था, रोजगारीको अवस्था सहितका विवरणहरु समावेश गरी विद्युतीय स्थानीय तह पार्श्व चित्र (Digital LG Profile) तयार गरिनेछ।

२. महादेवा गाउँपालिका भित्रका नागरिकहरुको गुनासो तथा सेवा सम्बन्धी जिज्ञासा सुन्ने र सो को सम्बोधन गर्न सार्वजनिक सुनुवाईको कार्यक्रमलाई निरन्तरता दिइने छ ।

३. आर्थिक तथा प्रशासनिक अनुशासन कायम गर्ने सम्बन्धमा बाँकीको बक्यौता, पेश्की, बेरुजु लगत विवरण अद्यावधिक गरी कडाईका साथ असुल उपर एवम् फछ्यौट गर्ने कार्य अगाडी बढाईनेछ ।

४. प्रत्येक महिनाको आय/व्ययको मास्केवारी गाउँपालिका तथा वडा कार्यालयको सूचनापाटि तथा वेवसाइटमा प्रकाशित गरिनेछ ।

५. महादेवा गाउँपालिका कार्यालयको मानव संशाधन पर्याप्त नभएका क्षेत्रमा सम्बन्धित विषयका विज्ञहरुलाई सहजकर्ता वा विशेषज्ञको रुपमा प्रयोग गर्ने नीति अवलम्बन गरिनेछ।

जनप्रतिनिधिहरु तथा कर्मचारीहरुको सीप तथा क्षमता अभिवृद्धिको लागि आवश्यक तालिम, गोष्ठी तथा अध्ययन अवलोकन भ्रमण कार्यक्रमलाई परिणाममुखी बनाईनेछ ।

७. महादेवा गाउँपालिकाबाट प्रवाह हुने सम्पूर्ण सेवा र विकास निर्माणमा हुनसक्ने भ्रष्टाचार, अपारदर्शिता तथा ढिलासुस्तीमा शुन्य सहनशीलताको नीति अख्तियार गरिनेछ । सो कार्यलाई प्रभावकारी बनाउन प्रत्येक वडा कार्यालयहरु र सार्वजनिक स्थानहरुमा गाउँपालिकाको तर्फबाट सुझाव पेटिकाहरु राखिने छ ।

८. महादेवा गाउँपालिकाबाट प्रवाह हुने योजना, लेखा, नक्सा, राजश्व लगायत सबै सेवाहरुमा सफ्टवेयर निर्माण गरी कागज विहीन प्रणाली बनाउन विद्युतीय प्रणालीलाई जोड दिईने छ ।

९. महादेवा गाउँपालिकाको काम कारबाहीलाई व्यवस्थित, पारदर्शी तथा सम्पुर्ण नागरिक समक्ष पुर्याउन "हाम्रो महादेवा गाउँपालिका" नामक मोबाइल एप्स निर्माण गरि वडा पत्रहरु, सूचनाहरु र महादेवा गाउँपालिका प्रोफाईल आदिको जानकारी प्रदान गर्ने साथै फ्रि-वाईफाई जोन बनाउने नीतिलाई अबलम्बन गरिनेछ ।

१०. प्रशासन संयन्त्रको उत्प्रेरणाको प्रवर्धनका लागी संघ र प्रदेश सरकाले उपलब्ध गराउने सेवा र सुविधाको परिपुरकका रुपमा खाजा भत्ता, पर्यटन भ्रमण काज जस्ता अन्य सुविधा प्रदान गर्ने नीति लिइनेछ।

११. महादेवा गाउँपालिकाको सुरक्षालाई चुस्तदुरुस्त एवम् प्रभावकारी बनाउन वडाका विभिन्न ठाउँमा रहेका सरकारी कार्यालयमा, पर्यटकीय स्थल तथा सुरक्षा संवेदनशील क्षेत्रहरुमा सि. सि. टि. भि. क्यामेरा जडान गरिनेछ ।

१२. महादेवा गाउँपालिका भित्रका सार्वजनिक तथा सरकारी जग्गाहरुको मिहिन ढंगले खोज तथा अध्ययन गरी अभिलेख राखी त्यस्ता जग्गाहरुको संरक्षण गरिनेछ।

१३. महादेवा गाउँपालिका भित्र रहेका असंगठित क्षेत्रका मजदुरहरुको तथ्याङ्क संकलन तथा अभिलेख व्यवस्थापन गरी निजहरुको रोजगार तथा सेवाको सुरक्षा र निजहरुको हित प्रवर्द्धन कार्यक्रम संचालन गरिनेछ।

१४. विपन्न र न्यून आय भएका घर परिवार पहिचान गरी परिचयपत्र उपलब्ध गराई लक्षित कार्यक्रमहरु संचालन गरिनेछ।

१५. सार्वजनिक खर्चलाई वैज्ञानिक अनुमान योग्य र नतिजामुखि तुल्याउन मध्यकालिन खर्च संरचना (MTEF) पद्धति प्रयोगमा ल्याइने छ।

१६. संघीय सरकार, प्रदेश सरकार र अन्य स्थानीय तहहरुसँग आपसी सहकार्य र समन्वयको लागि अन्तर समन्वय तथा सहकार्य नीति तर्जुमा गरिनेछ।

१७. यस महादेवा गाउँपालिका अन्तर्गत हिन्दुहरुको लागि आर्य घाटको व्यवस्थापन सम्बन्धमा जमिन उपलब्ध भए पश्चात सम्भावित अध्ययन प्रतिवेदन पेश गरी कार्यविधि बने पछ कार्यन्वयन हुनेछ ।

१८. गत आ.व. मा पारित भएको ऐन, नियमयावली, कार्यविधि र मापदण्ड हरु अगामी आ.व. मा राजपत्रमा प्रकाशित गर्नेछ ।

१९. अपाङ्गताहरुको लागि अपाङ्गता कार्ड नविकरण तथा समपरीक्षण भए पश्चात मात्र अगामी आर्थिक वर्ष २०८१/०८२ मा सामाजिक सुरक्षा भत्तामा नविकरण हुनेछ ।

## ६. वन, वातावारण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन सम्बन्धी नीति तथा कार्यक्रम

### क. खानेपानी तथा सरसफाई

१. खानेपानीको जटिलतम समस्याको तत्कालिन, अल्पकालिन र दिर्घकालिन समाधानका लागि सम्भाव्य स्रोतहरूको खोजी तथा योजना तयार गरी खानेपानीको उत्पादन तथा वितरणको व्यवस्था मिलाइनेछ ।

२. महादेवा गा.पा.का अधिकांश वडाहरुमा खानेपानीमा अत्याधिक मात्रामा आइरन पाउने गरेको पाईएको हुनाले विभिन्न विद्यालय तथा कार्यालायरुमा शुद्ध खानेपानीका लागि फिल्टर जडान भएको छ र दिर्घकालीनरुपमा आर्सेनिक रहित खानेपानीका लागि आवश्यक सम्भाव्यता अध्ययन प्रतिवेदन तयार गर्न आवश्यक कार्यक्रम ल्याइनेछ ।

३. प्लाष्टिक जन्य फोहोर नियन्त्रण तथा न्यूनिकरण गर्न प्लाष्टिक झोलाहरुको प्रयोगलाई निरुत्साहित गरिने छ ।

४. महादेवा गाउँपालिकाका मुख्य स्थानहरुमा समुदायको सहकार्यमा उपयुक्त जग्गाको खोजी गरी सार्वजनिक शौचालयहरु निर्माण तथा संचालनलाई निरन्तरता दिइनेछ ।

**ख. वातावरण, जलवायु परिवर्तनतथा विपद् व्यवस्थापन**

१. जलवायु परिवर्तनको प्रतिकूल प्रभावहरूलाइ अनुकूलन गर्न महादेवा गाउँपालिकाको क्षमता वढाउने साथै खाद्य उत्पादनलाइ प्रतिकूल असर नपर्ने किसिमले जलवायु उत्थानशीलता वृध्दि गर्नेछ ।

२. पूर्वाधार आयोजनाहरुको कार्यान्वयन गर्दा त्यस्ता आयोजनाहरुले वातावरणमा पार्ने असर न्यूनिकरणको लागि प्रारम्भिक वातावरणिय परिक्षण (IEE) र वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन गरिनेछ।

३. यस महादेवा गाउँपालिका क्षेत्र भित्रका सरकारी/सार्वजनिक जग्गाहरुमा भएको अतिक्रम हटाई खाली जग्गामा वृक्षारोपण, हरियाली प्रवर्ध्दन तथा वनको संरक्षण र हैसियतमा सुधार गरी जल, जमीन तथा वातावरणको संरक्षण र जीविकोपार्जनको अवसरमा वृध्दि गरिनेछ ।

४. पोखरी संरक्षण, पहिरो, विकासका पुर्वाधार, नदी नियन्त्रण, विकासका पूर्वाधारको संरक्षण र नदि नियन्त्रण गरी जल, जमिन तथा जलाधारको संरक्षण तथा उत्पादनमा वृध्दि गरिनेछ ।

५. भूसूचना प्रणालीको प्रयोग उच्च जोखिमयुक्त क्षेत्रको नक्शाङ्कन, जोखिमको विश्लेषण तथा जोखिम न्यूनीकरण योजना तयार गरिनेछ ।

६. सार्वजनिक निजी साझेदारीमा निर्माण पूर्वाधार निर्माण गरी फोहोर मैला प्रशोधन केन्द्रलाई व्यावसायिक रुपमा संचालन गर्न नीतिगत तथा कानूनी व्यवस्था गरी फोहोर मैला संकलन, व्यवस्थापन र उपयोगको नीति लिइने छ। जसका लागि स्यानेटरी फिल्ड साईटको अध्ययन प्रतिवेदन समेत तयार भएको छ ।

७. भुकम्पीय जोखिम न्यूनिकरणको लागि भुकम्प प्रतिरोधि भवन तथा संरचना निर्माण कार्यलाई प्राथमिकता दिइनेछ।

८. विपद् जोखिम व्यवस्थापन कोषमा रकम अभिवृद्धि गर्दै प्रभावकारी श्रोत परिचालन गरिनेछ।

९. महादेवा गाउँपालिकाद्वारा निर्मित विपद् जोखिम नक्साङ्कन र सोही आधारमा विभिन्न प्रकृतिका विपद् जोखिम प्रतिकार्य योजना अनुसार विपद व्यवस्थापनको कार्य गरिनेछ । तथा पुनर्उत्थान कार्यक्रमहरु संचालन गरिनेछ।

## ७. भौतिक पूर्वाधार विकास सम्बन्धी नीति तथा कार्यक्रम

१. आवास योजना, र वस्ति विकास योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

२. पूर्वाधार निर्माणका आयोजनाहरु संचालन गर्दा लागत-लाभ विश्लेषणका आधारमा उच्च नतिजा एवं प्रतिफल दिने, समतामुलक विकासको आधारको रुपमा रहने, पिछडिएका र कम विकसित क्षेत्रलाई मूल प्रवाहिकरणमा ल्याउन सहयोग गर्ने आयोजनाहरु पहिचान गरी "आयोजना बैंक" तयार गरिने छ। सो बैंकमा समाविष्ट आयोजनाहरुमा मात्र बजेट विनियोजन गर्ने नीति लिइनेछ।

३. महादेवा गाउँपालिकाको भूउपयोग क्षेत्र निर्धारण गरी वस्ति विकास योजना सहित भौतिक विकास गुरूयोजना तयार गरी आवास तथा वस्ति विकास, भवन तथा सार्वजनिक निर्माण लगायत पूर्वाधार निर्माण कार्य व्यवस्थित र गुणस्तरीय रूपमा सञ्चालन गरिनेछ ।

४., दिर्घकालिन लगानी मार्ग दर्शनका लागि महादेवा गाउँपालिका सडक गुरुयोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।

५. आवासको हकलाइ सुनिश्चत गर्न सुरक्षित तथा रोजगारीको समेत व्यवस्था हुन सक्ने स्थानमा जग्गा प्रास गरी सहुलियत आवास योजना कार्यान्वयन गरिनेछ । यसका लागि निजीक्षेत्र संग साझेदारी समेत गर्न सकिनेछ ।

६. एकिकृत वस्ति विकास योजनाद्वारा निर्दिस्ट गरेका पूर्वाधारहरुको निर्माण कार्यका लागि संघीय सरकार, प्रदेश सरकार र साझेदारहरुसँगको सहकार्यलाई निरन्तरता दिइनेछ।

७. महादेवा गाउँपालिकाको विकासमा रुपान्तरणकारी परिवर्तन ल्याउन सक्ने केहि ठुला आयोजनाहरु पहिचान गरी महादेवा गाउँपालिकाका गौरव आयोजनाका रुपमा कार्यान्वयन गरिनेछ र त्यस्ता आयोजनामा श्रोतको अभाव हुन दिइने छैन।

८. विगत देखिका निर्माणाधिन तथा अधुरा योजनाहरुलाई सम्पन्न गर्न क्रमागत रुपमा बजेट विनियोजन गरिनेछ।

९. नेपाल राष्ट्रिय भवन संहिता २०६०, वस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी मापदण्ड २०७२, राष्ट्रिय भू-उपयोग नीति, भवन तथा योजना मापदण्ड २०५६ लगायतका राष्ट्रिय प्रादेशिक इवं स्थानीय भूमि व्यवस्थापन तथा भवन नियमन सम्बन्धी ऐन, मापदण्ड तथा निर्देशिकाहरुलाई कडाईका साथ लागु गरी सुरक्षित एवं व्यवस्थित निर्माण गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

१०. महादेवा गाउँपालिका क्षेत्र भित्र बन्ने संस्थागत सार्वजनिक तथा व्यापारिक भवनहरुमा पार्किङ्ग स्थलको व्यवस्था अनिवार्य गर्नु पर्ने नीति लिइनेछ। आवासीय भवनमा "एक घर-दुई विरुवा" नीति लिइनेछ

११. भवन निर्माण अनुमति प्रकृयालाई प्रविधिमा आधारित तुल्याई सहजिकरण गरिनेछ।

१२. महादेवा गाउँपालिका भित्र भु-उपयोग नीति लागु गर्दै जाने नीति लिइनेछ।

१३. महादेवा गाउँपालिका भित्र सडकको मापदण्डलाई आवश्यकताको आधारमा कायम गरी सडक मापदण्डको समस्यालाई समन्वय गरी समाधान गरिनेछ।

१४. महादेवा गाउँपालिकाको स्वामित्वमा रहेको भौतिक संरचनाहरुको आवधिक रुपमा मर्मत सम्भार कार्य सम्पन्न गरिनेछ ।

१५. "एक वडा-एक पार्क" निर्माण नीतिलाई निरन्तरता दिइनेछ।

१६. प्रभावकारी सम्पति ब्यवस्थापनका लागि सम्पति ब्यवस्था सूचना प्रणाली (Asset Management Information System) तयार गरी लागु गरिनेछ ।

१७. पूर्वाधारका योजनाको निर्माण तथा सञ्चालनमा निजीक्षेत्र संगको साझेदारीका लागि विभिन्न आयोजना तयार गरि कार्यान्वयन गरिनेछ ।

२. गा.पा. को मध्यकालीन खर्च संरचना दस्तावेज निर्माण, आवधि कार्य योजना निर्माण, सुरक्षित तथा व्यवस्थित गाउँ सम्बन्धि अध्ययन प्रतिवेदन तयार गर्ने, वैकल्पिक उर्जा प्रवर्धन सम्बन्धि अध्ययन प्रतिवेदन तयार गर्ने, वडा नं. ४ को वडा कार्यालय निर्माणको लागि डि.पी.आर, भगवती मन्दिरको प्राङ्गणमा उच्च मा.वि. निर्माणको डि.पि.आर समेत तयार गरी अगामी आर्थिक वर्ष २०८१/०८२ मा कार्यान्वयनमा ल्याउन मधेश प्रदेश सरकार र संघीय सरकार सँग माँग गर्ने निर्णय गरिएको छ ।

८. राजस्व तथा आन्तरिक श्रोत परिचालन नीति तथा कार्यक्रम

१. आन्तरिक आय व्यवस्थापन, प्राकृतिक स्रोत बिक्रि सम्बन्धी ऐन तथा नियमावली तर्जुमा गरी राजस्व परिचालनलाई थप व्यवस्थित तुल्याइनेछ।

२. आन्तरिक आयका स्रोतहरूको सम्भाब्यता अध्ययन, राजश्व बाँडफाँड, अन्तर सरकारी वित्तीय हस्तान्तरण, तथा गैससको स्रोत परिचालनको लागि स्थानीय सरोकारवाला, प्रदेश सरकार, र नेपाल सरकारका निकाय तथा गैसस र विकास साझेदार संग परामर्श, समन्वय, र साझेदारी गरिनेछ।

३. करको दर सम्भव भएसम्म न्यूनतम गर्दै करको दायरा विस्तार गर्ने नीति लिइनेछ। प्रगतिशिल कर प्रणाली अवलम्बन गरी नागरिकहरु बिच रहेको असमानता न्यूनिकरण गर्दै लगिनेछ।

४. महादेवा गाउँपालिकाको आन्तरिक राजस्व अभिवृद्धिका लागि करका नयाँ सम्भाव्य क्षेत्रहरु पहिचान गरि लागु गरिनेछ।

५. वडा कार्यालयहरुसँग समन्वय गरी घर बहाल करमा रहेको चुहावट नियन्त्रण गर्न घरधनी र वहालमा रहनेहरुको अभिलेख अध्यावधिक राख्ने प्रणाली विकास गरिनेछ।

६. करदाताहरुलाई आफुले तिर्नु पर्ने मोटामोटी कर दायित्व र कर तिर्ने समयसीमा समयमै जानकारी दिन निजहरुको सेल नम्बरमा विद्युतिय प्रणालीद्वारा सन्देश प्रावहित गर्ने नीति लिइनेछ।

७. करदाताहरुको अभिलेख व्यवस्थापन सुदृढ गर्दै उत्कृष्ट करदाताहरुलाई पुरस्कृत तथा सम्मानित गर्ने नीति लिइनेछ।

८. कर प्रशासनलाई सूचना प्रविधिमैत्री एवं करदातामैत्री तुल्याउदै लगिनेछ।

**धन्यवाद**

---

*उल्लिखित बमोजिमको <u>नीति तथा कार्यक्रमको</u> अनुसार आ.व. २०८०/८१ को वार्षिक बजेट तथा कार्यक्रम पुस्तिका (स्थानीय तहको योजना तर्जुमा दिग्दर्शनको परिच्छेद ४ को दफा ४.८ को चरण ७ को ७.३ को ढाँचा अनुसार) विस्तृत रूपमा तयार गरिएकोछ ।*

**अनुसूचीः आगामी आ.व.का प्राथमिकता प्राप्त प्रमुख कार्यक्रमहरू (केही थप उदाहरणहरू)**

**आर्थिक विकास**

१. स्थानीय आर्थिक विकास योजना तयार गर्ने ।

२. ब्यावसायिक कृषि पकेट क्षेत्र निर्धारण । (धान क्षेत्र, गँहु उत्पादन क्षेत्र मकै उत्पादन क्षेत्र, कोदो उत्पादन क्षेत्र, तरकारी उत्पादन क्षेत्र)

३. व्यावसायिक पशुपालन (गाई, भैसी, बाख्रा, बंगुर, कुखुरा)।

४. व्यावसायिक तरकारी खेती (मौसमी, बेमौसमी)।

५. व्यावसायिक कुखुरा पालन।

६. व्यावसायिक माछापालन।

७. कृषि उत्पादन संकलन केन्द्रहरूको निर्माण कृषि उत्पादनको बजारीकरण।

स्थानीय अवस्था अनुसार भूउपयोग योजनाबाट कृषि पकेट क्षेत्र निर्धारण ।
९. उत्पादनको ब्रान्डिङ ।
१०. ऐतिहासिक, धार्मिक, भौगोलिक महत्वका पर्यटकीय स्थानहरूमा पूर्वाधार निर्माण ।
११. स्थानीय उत्पादन बिक्री केन्द्र र कोशेली घरको स्थापना।
१२. अन्तर जिल्ला पर्यटकीय पैदल मार्गको पहिचान, नक्सांकन तथा निर्माण ।
१३. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा प्रचार प्रसार ।
१४. औद्योगिक ग्राम स्थापना ।
१५. तुलनानात्मक लाभका क्षेत्र तथा प्रतिस्पर्धात्मक क्षमता भएका वस्तु उत्पादन ।
१६. कृषि पकेट क्षेत्रमा स्थानीय कृषि उपज प्रशोधन सम्बन्धी उद्योग स्थापना ।
१७. स्थानीय उत्पादनको ब्राण्डिङ्ग तथा उत्पादनको बजारीकरण।
१८. सहकारी ऐन अनुसार सहकारी संस्थाहरूको दर्ता, अनुगमन र नियमन, सञ्चालन।
१९. व्यावसायिक कृषि तथा पशुपालनमा सहकारीको लगानी।
२०. डेरी उद्योगमा सहकारीको लगानी ।
२१. माछापालनमा सहकारी ।
२२. व्यावसायिक कुखुरापालनमा सहकारीको लगानी ।
२३. मुख्य उत्पादनलाई मूल्य श्रङ्खलामा आबद्ध गरी बजारीकरण।
२४. सहकारी संस्थाहरूको क्षमता विकास ।
२५. श्रम र श्रमको माग सम्बन्धी अभिलेखन ।
२६. रोजगार सेवा केन्द्र र रोजगार सूचना केन्द्रको स्थापना ।
२७. गाउँपालिका बासीमा व्यक्तिगत घटना दर्ता सम्बन्धमा जनचेतना फैलाउने ।
२८. व्यक्तिगत घटना दर्ता घुम्ती शिविर संचालन गर्ने ।
२९. कर्मचारीहरुलाई समय समयमा तालिमको व्यवस्था गर्ने ।
३०. वित्तीय साक्षरता कार्यक्रम संचालन ।
३१. आर्थिक/वित्तीय साक्षरता कक्षा सञ्चालन ।
३२. व्यावसायिक सीप विकास तालिम सञ्चालन ।
३३. वैदेशिक रोजगारमा गएका व्यक्ति/परिवारका लागि मनोसामाजिक परामर्श सेवा ।

**सामाजिक विकास**

१. विद्यालय पूर्वाधार सुधार तथा शैक्षिक सामग्री ।
२. गरिव तथा जेहेन्दार तथा संरक्षक नभएका विद्यार्थीहरूलाई छात्रवृत्ति ।
३. भर्ना अभियान घरदैलो कार्यक्रम ।
४. शिक्षक, विद्यार्थी र अभिभावक वीच अन्तरक्रिया।
५. गाउँपालिका/नगरपालिका तथा अन्तर विद्यालयस्तरीय खेलकुद ।
६. सूचना प्रविधि तथा कम्प्युटर ल्याव ।
७. वाल क्लव गठन तथा संचालन ।
८. शिक्षक तालिम (पुनर्ताजगी)
९. शैक्षिक नीति तथा योजना तर्जुमा ।

. गाउँपालिका नगरपालिका/तथा अन्तर विद्यालयस्तरीय खेलकुद ।

११. शैक्षिक नीति तथा योजना तर्जुमा ।

१२. प्राविधिवक शिक्षालयको स्थापना ।

१३. कम्तिमा १५ बेडको अस्पताल स्थापना ।

१४. स्वास्थ्य संस्थाको पूर्वाधार विकास ।

१५. चिकित्सकको पद पूर्ति ।

१६. एम्बुलेन्स सेवा विस्तार ।

१७. स्वास्थ्य बिमाको पहुँच विस्तार ।

१८. विज्ञहरूद्वारा स्वास्थ्य शिविर संचालन ।

१९. स्वास्थ्य संस्थाको पूर्वाधार विकास ।

२०. स्वास्थ्य शिविर संचालन ।

२१. गुरुयोजना तयार गर्ने ।

२२. प्रयोगशाला स्थापना, व्यवस्थापन तथा संचालन ।

२३. खानेपानी तथा सरसफाइ बितरण व्यवस्था ।

२४. खानेपानी संरचनाहरूको निर्माण तथा मर्मत ।

२५. स्यानेटरी ल्यान्डफिलसाइटको र निर्माण उच्च प्रविधियुक्त ब्यवस्थापन

२६. खानेपानी प्रसोधन सम्बन्धि संरचना निर्माण ।

२७. प्रयोगशाला स्थापना र तालिम ।

२८. लैससास नीति तर्जुमा

२९. लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, ज्येष्ठ नागरिक, बालबालिका, विपन्न वर्ग, लोपोन्मुख र सीमान्तकृत समुदाय सम्बन्धि खण्डीकृत तथ्याङ्क ।

३०. महिला सशक्तिकरण कार्यक्रम, नेतृत्व विकास तालिम, अभिमूखिकरण ।

३१. आयआर्जन तथा रोजगारी मुलक कार्यक्रम तथा सम्बन्धित तालिम

३२. लैंङ्गिक विभेद, हिंसा तथा शोषण, बालबिबाह रोकथामकालागी अभिमुखीकरण एवं सचेतनामूलक कार्यक्रम ।

३३. महिला पुरुषको संयुक्त नाममा घर जग्गा पास गर्दा दिने छुटमा समायोजनको नियम बनाई लागू ।

३४. ज्येष्ठ नागरिक सम्बन्धी नीति, समायोजन, निर्माण तथा संशोधन ।

३५. अपाङ्गमैत्रि, बालबालिकामैत्रि, महिलामैत्रि भौतिक संरचना निर्माण ।

३६. लैंङ्गिक विभेद, हिंसा तथा शोषण विरुद्ध वेद्यमान व्यवस्थाको अभिमुखीकरण ।

३७. बालबिबाह रोक्न बिशेष कार्यक्रम।

३८. ज्येष्ठ नागरिक सम्बन्धी नीति, समायोजन, निर्माण तथा संशोधन ।

३९. अपाङ्गता भएकालाई आवश्यक सहयोगि सामाग्री, कृतिम अङ्ग प्रदान ।

४०. सामाजिक सुरक्षा, सामाजिक संरक्षण ।

४१. लक्षित वर्ग विशेष कार्यक्रम ।

४२. युवा रोजगारी कार्यक्रम।

४३. विदेश पलायनवाट युवावर्गलाई रोक्न स्वदेशमानै विकासका कृयाकलाप ।

४४. गाउँपालिकास्तरीय कभर्डहल, खेलकुदस्थल व्यवस्थित गर्ने ।

४५. युवा, महिला तथा अपाङ्गता भएका व्यक्ति लक्षित खेलकुद ।

४६. खेलकुद प्रतियोगिता ।

४७. उत्कृष्ट खेलाडी सम्मान ।

४८. युवाको क्षमता विकास।

४९. प्रशिक्षक प्रशिक्षण।

५०. युवा, महिला तथा अपाङ्गता भएका व्यक्ति लक्षित खेलकुद क्षमता विकास।

५१. खेलकुद पूर्वाधारको विकास ।

५२. युवालाई नसालु पदार्थ सेवन लत हटाउने ।

५३. सूचनाको हक प्रचलित कानुन ।

५४. कृषि शिक्षा उदयोग पुर्वाधार विचार उत्सब ।

५५. मैथिली लोक नृत्य प्रतियोगिता ।

५६. जडीबुटी खेती सम्बन्धी कार्यक्रम ।

५७. योगाभ्यास नियमित संचालन ।

५८. युवाहरुलाई शारीरिक गतिविधि क्रियाकलाप गराउन ।

५९. योग शिक्षक तयार गर्ने र सबै वडामा नियमित योगाभ्यास सुचारु गर्ने

**भौतिक पूर्वाधार विकास**

१. यातायात गुरु योजना अध्यावधिक गरी कार्यान्वयन ।

३. सडक मापदण्ड तथा नीति नियम निर्माण ।

४. ससाना पुलहरू तथा कल्भर्टहरू निर्माण- ।

५. सडक, गोरेटो बाटो, पदमार्गहरूको मर्मत तथा स्तर उन्नति ।

६. सर्भेक्षंण कार्यहरू गर्ने, डिपिआर तयार गर्ने र निर्माण ।

७. आवश्यकता अनुसार बैकल्पिक पदमार्ग निर्माण ।

८. उपभोक्ता तथा सरोकार निकायसँग समन्वय ।

९. पर्यटकिय पदमार्गहरूको निर्माण तथा स्तरोन्नति ।

१०. सरोकारवाला बिच समन्वय ।

११. सडकपुलहरूको अध्ययन तथा निर्माण ।

१२. गाउँपालिकामा जोडिएका लोक मार्गहरूको निर्माण ।

१३. ठुल ठुला नदिहरूमा पर्ने पुलहरूको अध्ययन तथा निर्माण ।

१४. रणनैतिक सडकहरूमा पर्ने बसपार्कहरू निर्माण ।

१५. भवनको. नमूना डिजाइन निर्माण ।

१६. स्थानीय डकर्मी र सिकर्मी तालिम ।

१७. सार्वजनिक जग्गा र भवनहरूको लगत संकलन र अभिलेख व्यवस्थापन ।

१८. सामुदायिक भवन निर्माण ।

१९. फोहरमैला व्यवस्थापन ।

२०. अपाङ्ग मैत्री संरचना निर्माण ।

२१. सार्बजनिक भवनहरूको लगेत राखी अभिलेखीकरण ।

२२. सामुदायिक भवन निर्माण ।
२३. पुनर्निर्माण ।
२४. स्थानीय प्राविधिकलाई प्रविधि सम्बन्धी तालिम ।
२५. योजनाको अध्ययन ।
२६. सतह सिँचाइ निर्माण ।
२७. नयाँ प्रविधिमा आधारित (लिफ्ट सिँचाइ) सिँचाइ ।
२८. गाउँपालिकाको जल उपयोग गुरुयोजना ।
२९. क्षमता विकास ।
३०. जीता र मउवा नदि नियन्त्रण ।
३१. बैकल्पिक ऊर्जा ।
३२. गोबरग्यासमा अनुदान ।
३३. सुरक्षित विद्युत् प्रयोग गर्न चेतना अभिवृद्धि ।
३४. निजी क्षेत्रसँगको सहकार्य ।
३५. एफ एम रेडियो प्रसारणमा सहयोग र सहजीकरण ।
३६. स्थानीय पत्रिका प्रकाशनमा सहयोग ।
३७. विद्युत् सूचना पूर्वाधार निर्माण ।
३८. इ-लाइब्रेरी स्थापना ।
३९. विद्युत् सूचना पूर्वाधार निर्माण ।
४०. सूचना हाइ वे ।
४१. भगवतपुरको सरकारी पोखरीको उत्तरी डिलमा कभर्ड हल र फन पार्क निर्माणको लागि डि.पी.आर समेत तयार गरी अगामी आर्थिक वर्ष २०८१/०८२ मा कार्यान्वयनमा ल्याउन मधेश प्रदेश सरकार र संघीय सरकार सँग माँग गर्ने निर्णय गरिएको छ ।

**वन, वातावरण तथा जलवायु परिवर्तन**

१. सामुदायिक वनको लगत तयारी र कार्ययोजना तर्जुमा र स्वीकृति,
२. भू तथा जलाधार संरक्षण,
३. फोहरमैला व्यवस्थापन,
४. क्षमता विकास ।
५. नर्सरी स्थापना ।
६. वृक्षरोपण क्षेत्रको पहिचान ।

निजी वनलाई प्रोत्साहन गर्न वन दर्ता गरेमा वार्षिक तिर्नुपर्ने राजस्व छुटको व्यवस्थापन ।

७. पानी भरण पोखरीहरूको निर्माण ।
८. उपभोक्ता तथा सरोकार निकायसँग समन्वय ।
९. जलवायु परिवर्तन अनुकुलन योजना निर्माण ।
१०. सुरक्षित, एकीकृत, बस्ती/आवास क्षेत्र पहिचान ।

...ा संस्थागत विकास

कानून निर्माण/पुनरावलोकन ।

२. सस्थागत स्व-मूल्यांकन ।

३. घुम्ती सेवा ।

४. सदाचार प्रवर्द्धन र भ्रष्टाचार नियन्त्रण।

५. पारदर्शिता र जवाफदेहितामा अभिवृद्धि ।

६. संगठन तथा व्यवस्थापन अध्ययन ।

७. सूचना सञ्जालीकरण।

८. क्षमता विकास ।

९. प्रदेश सरकारसँग सहकार्यमा सम्पादन हुने ।

१०. कानून नर्माण र पुनरावलोकन ।

११. संघीय सरकारसँग सहकार्यमा सम्पादन हुन सक्ने ।

१२. नमूना ऐन, नियम, कार्यविधि र मापदण्डहरू ।

अगामी आ.व. २०८१/०८२ मा यस महादेवा गाउँपालिकालाई संघीय सरकार र प्रदेश सरकारबाट तपशिल बमोजिमको अनुदान रकम प्राप्त हुने अनुमान गरिएको छ ।

तपशिलः

| सि.नं. | विनियोजित बजेट | रकम रु. | कैफियत |
|---|---|---|---|
| १. | संघीय सरकार वितिय समानीकरणः | १०५००००००/- | |
| २. | संघीय सरकार राजश्व बाँडफाँडः | ८३३०००००/- | |
| ३. | संघीय सरकार शशर्त अनुदानः | १४३६४६०००/- | |
| ४. | संघीय सरकार शशर्त पुँजीगतः | १०५०००००/- | |
| ५. | संघीय सरकार सम्पुरक अनुदान (पुँजीगत खर्च) | ५००००००/- | |
| ६. | प्रदेश सरकार वितिय समानीकरणः | ७४९९०००/- | |
| ७. | प्रदेश सरकार शशर्त अनुदान | ८००००००/- | |
| ८. | प्रदेश सरकार विषेश अनुदानः | ३००००००/- | |
| ९. | प्रदेश सरकार समपुरक अनुदानः | २००००००/- | |
| १०. | आन्तरिक आम्दानी | | |
| ११. | संचितकोष मौज्दात | | |
| कुल जम्मा बजेट | | ३६७९४५०००/- | |

अक्षरेपीः छतीस करोड उन्नाआसी हजार पैतालिस हजार मात्र ।

आदरणीय महानुभावहरु,

आदरणीय ,जनसमुदाय म सदा तपाईहरुको अमुल्य सल्लाह सुझावको सम्मान गर्दै आफ्नो कार्यपथलाई अघि बढाउने छु । जसरी म तपाईहरुको प्रतिनिधीत्व गर्दैछु । तपाईहरुको बिचारहरुले पनि यस महादेवा गाउँपालिकालाई प्रतिनिधीत्व गरीरहेको अनुभूति तपाईहरुले गर्नु हुनेछ ।यो मेरो पहिलो प्रतिबद्धता हो ।

अन्तमा,यो बार्षिक नीति कार्यक्रम तथा बजेट निर्माण गर्न महत्वपुर्ण सहयोग गर्नु हुने उपाध्यक्ष ज्यु, प्रमुख प्रशासकीय अधिकृत लगायत योजना तर्जुमा समितिका सदस्य ज्यूहरु,राजश्व परामर्श समितिका पदाधिकारी ज्यूहरु, कार्यपालिकाका सम्पुर्ण सदस्य ज्यूहरु, गाँउसभा सदस्यज्युहरु, गाँउपालिकाका सम्पूर्ण कर्मचारी साथीहरुलाई हार्दिक धन्यबाद दिन चाहन्छु ।

त्यसैगरी हाम्रो आमन्त्रणलाई स्वीकार गरेर महत्वपुर्ण सल्लाह सुझाबका लागि उपस्थित हुनु भएका हाम्रा प्रमुख अतिथि, बिशिष्ट अतिथि, अतिथि र सम्पुर्ण महादेवा गाउँबासीहरु प्रति हार्दिक आभार प्रकट गर्दछु र आगामी आर्थिक बर्षका लागि पेश भएको बजेट नीति कार्यक्रम यसैसंग सम्बन्धित आर्थिक बिधेयक, बिनियोजन बिधेयक उपर सघन छलफल गरि पारित गरिदिनु हुनेछ भन्ने बिश्वासकासाथ बिदा चाहन्छु ।

धन्यवाद ।